नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
प्रशासन महाशाखा

सिंहदरबार, काठमाडौं
फोन नं. : ०१-४२११९९०
फ्याक्स नं. : ०१-४२००३७५

मिति : २०७४।१२।२८

प.सं. २.१.१६/०७४/०७५ (क.प्र.)

च.नं. १२५६

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

विषय : शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख भई कार्य गर्ने ।

अत्यन्त जरुरी

श्री जिल्ला शिक्षा अधिकारीहरु,
जिल्ला शिक्षा कार्यालय ७५ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) मा उल्लेख भएका २३ वटा कामहरु बाहेकका बाँकी अत्यावश्यक शैक्षिक कामहरुलाई निरन्तरता दिई कार्य सम्पादन गर्नका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालय अन्तर्गत "शिक्षा विकास तथा समन्वय इकाइ" स्थापन गर्ने र सिर्जना हुने दरबन्दीमा मौजुदा जनशक्तिबाटै नै पदपूर्ति गर्नेगरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।१२।२७ को निर्णयानुसार शिक्षा विकास तथा समन्वय इकाइको अन्तिरम संगठन संरचना स्वीकृत भएको छ ।

साविक जिल्ला शिक्षा कार्यालयको स्थानमा जिल्ला प्रशासन कार्यालय अन्तरगत "शिक्षा विकास तथा समन्वय इकाइ" रहने गरी नयाँ संगठन संरचना बनेको हुँदा मिति २०७४।१२।२९ गतेदेखि अर्को आदेश नआउँदासम्म प्रचलित कानून बमोजिम तोकिएको आफ्नो क्षेत्राधिकारभित्र पर्ने कार्यहरु हाल कार्यरत जिल्ला शिक्षा अधिकारीहरुले जिल्ला प्रशासन कार्यालय अन्तर्गत रही नवगठित "शिक्षा विकास तथा समन्वय इकाइ" प्रमुखको रुपमा जिम्मेवारीपूर्वक कामकाज गर्नुहुन जानकारी गराइन्छ ।

(बालकृष्ण पन्थी)
सहसचिव

बोधार्थ तथा कार्यार्थ :
श्री प्रमुख जिल्ला अधिकारीज्यू
७७ वटै जिल्ला : त्यस कार्यालय अन्तर्गत रहने गरी गठन भएको शिक्षा विकास तथा समन्वय इकाइको स्थापना, व्यवस्थापन तथा कार्यसञ्चालनमा अभिभावकत्व ग्रहण गरी निर्देशन, सहयोग र समन्वय गरिदिनुहुन ।

E:\Bimal\Moesat_Nepali_Letter_Pad2074_75.docx-60